**सार्वजानिक निजी साझेदारी(सा.नि.सा.) अन्तर्गत भरतपुर मेट्रो प्लाजाको लागि मनसायपत्र आह्वान सम्बन्धि पुनःसुचना**

**संकेत नं पि.पि पि. ०२/०८१ /८२**

**परियोजनाको नामःबहुउद्देश्यीय व्यावसायिक भवन- भरतपुर मेट्रो प्लाजा**

**सार्वजानिक निजी साझेदारी विधिबाट भरतपुर महानगरपालिका लायन्स चोकमा निर्माण हुने बहुउद्देश्यी यव्यावसायिक भवन (भरतपुर मेट्रो प्लाजा )निर्माण सम्बन्धमा भरतपुर महानगरपालिकाको सार्वजनिक निजि साझेदारी** नियमावली,२०७६ को नियम ८ बमोजिम मनसायपत्रको **संक्षिप्त सुचिमा छनौट हुन भरतपुर महानगरपालिकालेयो मनासय पत्र आह्वान गरेको छ । ईच्छुक आवेदकहरुलाई मनासय पत्र पेश गर्नु अगाडी मनासयपत्र सम्बन्धि कागजात अध्ययन गर्न सल्लाह दिईन्छ । साथै यो सुचना महानगरको वेभसाइटमा** (Website: bharatpurmun.gov.np) समेत हेर्न सकिनेछ ।

१. **परियोजनाको संक्षिप्त विवरण**

प्रस्तावित नाम भरतपुर मेट्रो प्लाजा भरतपुर लायन्स चोकमा महानगरपालिकाको स्वामित्वमा रहेको ३८५५.८ वर्ग मिटर क्षेत्रफल जग्गामा सार्वजानिक निजी साझेदारी विधी (डिजाइन ,विकास निर्माण वित्त सन्चालन तथा हस्तानतरण पद्दति )बाट कार्यान्वयन गर्ने निर्णय गरिएको छ । परियोजनाको निर्माण लागत अनुमानित रु१ अर्वरहने छ। प्रस्तावित भवनमा निम्न विशेशताहरु समाविष्ट भएको हुनुपर्नेछ ।१. प्लाजा सहितको बहुप्रयोग बहुउद्देश्यीयव्यावसायिकभवन २. जनता मानव केन्द्रित अवधारणामा निर्मित खुल्ला स्थानहरु ,३. कार्यालय तथा बैंकिङ सेवाका लागि प्रयाप्त सुविधाहरु ४. होटल ५. बालबालिका खेल्ने क्षेत्र ६. रेष्टुरेन्ट तथा खाद्य सुविधाहरु ७. दुईतले वेसमेन्ट पार्किङ(Double Stack-Mechanical)८.मनोरन्जन एवं अन्य थप विवरणहरु मनासय पत्रमा उल्लेख गरिए बमोजिम हुनेछ।

२. **मनासयपत्र पेश गर्ने ब्यक्तिको योग्यता तथा अनुभव**

- संस्था दर्ता ऐन २०६३ अन्तरगत दर्ता भएका संस्था हुनुपर्ने
- विगत १० वर्ष देखी शहरी पूर्वाधार परियोजना डिजाइन / निर्माण/विकास सफलतापुर्वक पुरा गरेको हुनुपर्ने ,
- समान प्रकृतिको परियोजनाको सन्चालन र व्यवस्थापनमा विगत १० वर्षमा सम्पादन गरेको कम्तिमा एउटा परियोजना हुनुपर्ने । आवेदक/साझेदारीता कायम भएकोमा मुख्य साझेदारको कर्जा कारोवारको अनुभव हुनुपर्नेसाथै अन्य थप विवरणहरु मनासयपत्रमा उल्लेख गरिएको छ।

**३. मनासाय पत्र सम्बन्धि कागजात खरिद /पेश गर्ने प्रकृया र सो वापत लाग्ने दस्तुर :**

मनासयपत्र पेश गर्न चाहने प्राबिधिक र वित्तीय शर्तको योग्यता पुगेका सवै आवेदकहरुले भरतपुर महानगरपालिकाको कार्यालयको छाप र सम्बन्धित अधिकारीको हस्ताक्षर भएको मनासयपत्र सम्बन्धि कागजातहरु रु १५०००/- (पन्ध्र हजार रुपैया मात्र/-) दस्तुर (फिर्ता नहुने गरी) राष्ट्रिय वाणिज्य बैंक भरतपुर शाखामा रहेको महानगरको राजस्व खाता नं. १३१०१००३०१०१०००२ मा जम्मा गरेको भौचर सहित भरतपुर महानगरपालिका कार्यालयबाट मिति२०८१ फाल्गुन०६गते कार्यालय समय भित्र खरिद गरी सो कागजातमा उल्लेख भए बमोजिमका विवरणहरु भरी शिलवन्दी गरी भरतपुर कहानगरपालिकाको सार्वजानिक निजी साझेदारी इकाई प्रवर्दन समिति समक्ष मिति २०८१फाल्गुन ०९गतेका दिनको १२:००बजे सम्म मनासयपत्र पेश गर्नुपर्नेछ। आवेदकहरुले मनासयपत्र पेश गर्दा प्राविधिक तथा वित्तिय सम्भाव्यता प्रतिवेदन समेत पेश गर्नुपर्नेछ।साथैमिति २०८१ फाल्गुन ०९ गते दिनको २:०० बजे भरतपुर महानगरपालिकाको कार्यालयमा आधिकारीक प्रतिनिधिहरुको रोहवरमा मनासयपत्र खोलिने छ।

**४. मनासयपत्र छनौट हुने आधार :**

प्राविधिक र वित्तिय शर्तको योग्यता पुगेमा संक्षिप्त सुचिमा छनोट गरिनेछ ।

**५. मनासाय उपर निर्णय गरिने अनुमानित मिति** २०८१ फाल्गुन २६**गते सम्म रहेको छ।**

मनासाय जारी गर्दैमा कुनै एउटा आवेदकलाई परियोजनाको लागि छनोट गर्न भ.म.न.पा / समिति वाध्य हुने छैन तथा पेश भएका कुनै वा सवै मनासाय पत्रहरुइन्कार गर्ने वा कुनै कारण विना EOIरद्द गर्ने अधिकार भ.म.न.पा / समितिमा निहित छ।